# कागेश्वरी मनोहरा नगरपालिकामा कार्यक्षेत्र भै नगरपालिकामा सञ्चालित सम्पूर्ण सहकारी संस्थाहरुलाई कागेश्वरी मनोहरा नगरपालिका, सहकारी शाखाको अत्यन्त जरुरी सूचना

संघीय सहकारी ऐन, २०७४ मिति २०७४।०७।०१ मा राजपत्रमा प्रकाशन भै सबै सहकारी संघ संस्थाका हकमा लागू भैरहेको व्यहोरा समस्त सहकारी संघ संस्थाहरुलाई अवगत छदैंछ । सो ऐनको **परिच्छेद -१९** दफा १२२ मा **कसूर**सम्बन्धी व्यवस्था गरेको छ । सो कानूनी व्यवस्थाको दफा उतार देहाय बमोजिम रहेको छ ।

---

"१२२. **कसूर गरेको मानिनेः** कसैले देहायको कुनै कार्य गरेमा यस ऐन अन्तर्गतको कसूर गरेको मानिनेछः-

(क) दर्ता नगरी वा खारेज भएको सहकारी संस्था सञ्चालन गरेमा वा कुनै व्यक्ति, फर्म वा कम्पनीले आफ्नो नाममा सहकारी शब्द वा सो शब्दको अंग्रेजी रुपान्तरण राखी कुनै कारोबार, व्यवसाय , सेवा प्रवाह वा अन्य कुनै कार्य गरेमा,

(ख) सदस्यको बचत यस ऐन र यस ऐन अन्तर्गत बनेको नियम, विनियम बमोजिम बाहेक अन्य कुनै पनि प्रयोजनको लागि प्रयोग गरेमा ,

(ग) तोकिएको भन्दा बढी रकम ऋण प्रदान गर्दा जमानत वा सुरक्षण नराखी ऋण प्रदान गरेमा,

(घ) समितिको सदस्य, व्यवस्थापक वा कर्मचारीले सहकारी संस्थाको सम्पत्ति, बचत वा शेयर रकम हिनामिना गरेमा,

(ङ) ऋण असूल हुन नसक्ने गरी समितिका कुनै सदस्य, निजको नातेदार वा अन्य व्यक्ति वा कर्मचारीलाई ऋण दिई रकम हिनामिना गरेमा,

(च) समितिका कुनै सदस्यले एक्लै वा अन्य सदस्यको मिलेमतोमा सहकारी संस्थाको शेयर वा बचत रकम आफूखुसी परिचालन गरी सहकारी संस्थालाई हानि नोक्सानी पु-याएमा,

(छ) झुट्टा वा गलत विवरण पेश गरी कर्जा लिएमा, राखेको धितो कच्चा भएमा वा ऋण हिनामिना भएमा,

(ज) सहकारी संस्थाले यस ऐन र यस ऐन अन्तर्गत बनेका नियम विनियम विपरीत लगानी गरेमा वा लगानी गर्ने उद्देश्यले रकम उठाएमा,

(झ) कृत्रिम व्यवसाय खडा गरी वा गराई ऋण लिएमा वा दिएमा,

(ञ) धितोको अस्वाभाविक रुपमा बढी मूल्यांकन गरी ऋण लिएमा वा दिएमा,

क्रमशः...

2076/03/16

(ट) झुट्टा विवरणको आधारमा परियोजनाको लागत अस्वाभाविक रुपमा बढाई बढी ऋण लिएमा वा दिएमा,

(ठ) कुनै व्यक्ति वा सहकारी संस्थालाई एक पटक दिइसकेको सुरक्षण रीतपूर्वक फुकुवा नभई वा सो सुरक्षणले खामेको मूल्यभन्दा बढी हुने गरी सोही सुरक्षण अन्य संस्थामा राखी पुनःऋण लिए वा दिएमा,

(ड) सहकारी संस्थाबाट जुन प्रयोजनको लागि ऋण सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरे वा गराएमा,

(ढ) सहकारी संस्थाको कुनै कागजात वा खातामा लेखिएको कुनै कुरा कुनै तरिकाले हटाई वा उडाई अर्कै अर्थ निस्कने व्यहोरा पारी मिलाई लेख्ने वा अर्को भिन्नै श्रेस्ता राख्ने जस्ता काम गरेबाट आफूलाई वा अरु कसैलाई फाइदा वा हानि नोक्सानी गर्ने उद्देश्यले कीर्ते गर्ने वा अर्काको हानि नोक्सानी गर्ने उद्देश्यले नगरे वा नभएको झुट्टा कुरा गरे वा भएको हो भनी वा मिति, अंक वा व्यहोरा फरक पारी सहीछाप गरी गराई कागजात बनाई वा बनाउन लगाई जालसाजी गरे वा गराएमा,

(ण) ऋणको धितो स्वरुप राखिने चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य प्रयोजनका लागि मूल्यांकन गर्दा मूल्यांकनकर्ताले बढी, कम वा गलत मूल्यांकन गरी सहकारी संस्थालाई हानि नोक्सानी पु-याउने कार्य गरे वा गराएमा,

(त) सहकारी संस्थालाई हानी नोक्सानी पु-याउने उद्देश्यले कसैले कुनै काम गराउन वा नगराउन, मोलाहिजा गर्न वा गराउन, कुनै किसिमको रकम लिन वा दिन, बिना मूल्य वा कम मूल्यमा कुनै माल, बस्तु वा सेवा लिन वा दिन, दान, दातव्य, उपहार वा चन्दा लिन वा दिन, गलत लिखत तयार गर्न वा गराउन, अनुवाद गर्न वा गराउन वा गैर कानूनी लाभ वा हानि पु-याउने बदनियतले कुनै कार्य गरे वा गराएमा,

(थ) कुनै सहकारी संस्था वा सो को सदस्य वा बचतकर्ता वा ती मध्ये कसैलाई हानी नोक्सानी पुग्ने गरी लेखापरीक्षण गरे गराएमा वा लेखापरीक्षण गरेको झुट्टो प्रतिवेदन तयार पारेमा वा पार्न लगाएमा ।"

सहकारी ऐन, २०७४ सबै सहकारी संस्थाहरूका लागि बाध्यकारी रहेको छ । सहकारी ऐन,२०७४ बमोजिम माथि उल्लिखित कुनै पनि काम कारबाहीलाई कसूर भनी परिभाषित गरिएकोले ती कार्यहरु नगर्नु नगराउनुहुन जानकारी गराइएको छ । पछि अनुगमन तथा अनुसन्धानका क्रममा त्यस्तो पाइएमा प्रचलित सहकारी ऐन बमोजिम कारबाही हुने व्यहोरा समेत जानकारी गराउँदै नगरवासी दाजुभाइ दिदीबहिनी सबैले यसै सूचनालाई आधार मानी आफू सदस्य रहेको सहकारी संस्थामा यी प्रावधानहरु पालना गर्न लगाई संस्थाको दिगोपनाका लागि कानूनको पालनामा सहयोग गरिदिनुहुन समेत कार्यालय हार्दिक अनुरोध गर्दछ ।

२०७६।०२।०६

गिरिराज ज्ञवाली

प्रमुख प्रशासकीय अधिकृत

कागेश्वरी मनोहरा नगरपालिका